मितिः २०८३/०२/३१

समयः बिहान ११.०० बजे

स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री सुशिला अधिकारीज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा बसी देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री सुशिला अधिकारी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री महेश रिमाल | प्रवक्ता एवम् वडा अध्यक्ष, वडा नं ५ | |
| ३ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ४ | श्री थुमराज के.सी | वडा अध्यक्ष, वडा नं २ | |
| ५ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ६ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ७ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ८ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| ९ | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| १० | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| ११ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १२ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १३ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री हम्जुला राई वि.क. | नगरकार्यपालिका सदस्य | |
| १६ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री अम्विका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री गणेश प्रसाद अर्याल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## आमन्त्रित कर्मचारीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर कुँवर | अधिकृत दशौं (उपसचिव) | |
| २ | श्री कञ्चन खनाल | प्राविधिक शाखा प्रमुख | |
| ३ | श्री सुनिल आचार्य | वरिष्ठ शाखा अधिकृत | |
| ४ | श्री बिमोचन भण्डारी | वरिष्ठ इञ्जिनियर | |
| ५ | श्री सीता घिमिरे | शाखा अधिकृत | |
| ६ | श्री कोपिला सापकोटा | शाख अधिकृत | |
| ७ | श्री बद्रिनाथ पौडेल | पशु विकास अधिकृत | |
| ८ | श्री खेमराज पौडेल | कृषि विकास अधिकृत | |
| ९ | श्री स्वस्तिका अर्याल | शाखा अधिकृत | |
| १० | श्री कमला चापागाई | स्वास्थ्य शाखा प्रमुख | |
| ११ | श्री विजय लुईटेल | लेखा अधिकृत | |
| १२ | श्री कुशल तिवारी | इन्जिनियर | |
| १३ | श्री सन्दीप गिरी | इञ्जिनियर | |
| १४ | श्री सीता देवी सोती | अधिकृत छैटौं | |
| १५ | श्री इश्वरी श्रेष्ठ | अधिकृत छैटौं | |
| १६ | श्री रोशन पोखरेल | म.क. अधिकृत | |
| १७ | श्री सागर खत्री | कं.अ. | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |

### प्रस्तावः-

१. आ.व. ०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा

२. नगरसभाको मिति निर्धारण सम्बन्धमा

३. विविध

निर्णयहरू:

निर्णय नं. १

मिति २०८३/०२/०३ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं २

आ.व. ०८३/०८४ को लागि विषयगत शाखाबाट प्रस्ताव भई पेश भएको संलग्न वार्षिक नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक छलफलको लागि पठाउने निर्णय गरियो ।

निर्णय नं ३

आ.व. २०८३/०८४ को नागार्जुन नगरपालिकाको नगर सभाको १३ औं अधिवेशन २०८३/०३/१० गते विहान १० बजे नगरपालिकाको सभाहलमा सव्य र भव्य रुपमा गर्ने निर्णय गरियो।

निर्णय नं ४

नागार्जुन नगरपालिका वडा नं ४ स्थित नागार्जुन जागरुक युवा समितिद्वारा म्याग्दीको गलेश्वरमा २३ गते भएको **Galeshwor P-Towan 2 ND U-23 3*3 Open BasketBall Tournament, Pokhara Cup** प्रतियोगितामा नागार्जुन नगरपालिकाबाट भाग लिने र खेलाडिको लागि ३ रात ४ दिनको खर्च उपलब्ध गराइदिनुहुन भनि निवेदन पेश गरेकोमा जम्मा रकम रु. ९९,०००/- (अक्षरुपी उनन्सय हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५

यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरुबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरु गर्नको लागि निम्न शीर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरु सञ्चालन तथा सामाग्रीहरु खरिद गरी उपलब्ध गराउने निर्णय गरियो। तपसिल

सामाग्री माग तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | अस्थायी ट्राफिक प्रहरी पोष्ट रानीवन एरिया वडा नं १ | सवारी दुर्घटना न्यूनीकरणको सामाग्रीहरु | स्वीकृत माग फारम बमोजिम | सडक सुरक्षा (१-१०) |
| २ | वडा नं ८ को कार्यालय | खुला जिम सम्बन्धी २ सेट सामाग्री | स्वीकृत माग फारम/लागत अनुमान अनुसार | विविध खर्च |
| ३ | वडा नं ८ को कार्यालय | कार्यक्रम सञ्चालनको लागि स्पिकर लगायतका सामाग्रीहरु | स्वीकृत माग फारम अनुसार | विविध खर्च |
| ४ | डाँडाको धारा (सिगारेपाटी) वडा नं ६ | खुल्ला जिम व्यायम गर्ने सामाग्रीहरु | स्वीकृत माग फारम अनुसार | विविध खर्च |
| ५ | वडा नं ३ तीनधारा महिला समूह | एड्भान्स उद्घोषण तालिम | महिला लक्षित विविध कार्यक्रम | सम्झौता भई अनुमोदन |
| ६ | उद्यमशील समाज, नेपाल | किशोरी आत्मरक्षा कार्यशाला गोष्ठी | | |

निर्णयहरू:

निर्णय नं. १
मिति २०८३/०२/०३ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं २

आ.व. ०८३/०८४ को लागि विषयगत शाखाबाट प्रस्ताव भई पेश भएको संलग्न वार्षिक नीति तथा कार्यक्रम बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई आवश्यक छलफलको लागि पठाउने निर्णय गरियो ।

निर्णय नं ३
आ.व. २०८३/०८४ को नागार्जुन नगरपालिकाको नगर सभाको १३ औं अधिवेशन २०८३/०३/१० गते विहान १० बजे नगरपालिकाको सभाहलमा सव्य र भव्य रुपमा गर्ने निर्णय गरियो।

निर्णय नं ४
नागार्जुन नगरपालिका वडा नं ४ स्थित नागार्जुन जागरुक युवा समितिद्वारा म्याग्दीको गलेश्वरमा २३ गते भएको **Galeshwor P-Towan 2 ND U-23 3*3 Open BasketBall Tournament, Pokhara Cup** प्रतियोगितामा नागार्जुन नगरपालिकाबाट भाग लिने र खेलाडिको लागि ३ रात ४ दिनको खर्च उपलब्ध गराइदिनुहुन भनि निवेदन पेश गरेकोमा जम्मा रकम रु. ९९,०००/- (अक्षरुपी उनन्सय हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ५
यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित संघसंस्थाहरुबाट निम्न कार्यक्रम सञ्चालन गर्नको लागि बजेट माग गरी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उल्लेखित कार्यहरु गर्नको लागि निम्न शीर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी कार्यक्रमहरु सञ्चालन तथा सामाग्रीहरु खरिद गरी उपलब्ध गराउने निर्णय गरियो। तपसिल

सामाग्री माग तर्फ

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | अस्थायी ट्राफिक प्रहरी पोष्ट रानीवन एरिया वडा नं १ | सवारी दुर्घटना न्यूनीकरणको सामाग्रीहरु | स्वीकृत माग फारम बमोजिम | सडक सुरक्षा (१-१०) |
| २ | वडा नं ८ को कार्यालय | खुला जिम सम्बन्धी २ सेट सामाग्री | स्वीकृत माग फंारम/लागत अनुमान अनुसार | विविध खर्च |
| ३ | वडा नं ८ को कार्यालय | कार्यक्रम सञ्चालनको लागि स्पिकर लगायतका सामाग्रीहरु | स्वीकृत माग फारम अनुसार | विविध खर्च |
| ४ | डाँडाको धारा (सिगारेपाटी) वडा नं ६ | खुल्ला जिम व्यायम गर्ने सामाग्रीहरु | स्वीकृत माग फारम अनुसार | विविध खर्च |
| ५ | वडा नं ३ तीनधारा महिला समूह | एड्भान्स उद्योषण तालिम | महिला लक्षित विविध कार्यक्रम | सम्झौता भई अनुमोदन |
| ६ | उद्यमशील समाज, नेपाल | किशोरी आत्मरक्षा कार्यशाला गोष्ठी | | |

| सि.नं | निवेदकको नाम | कार्यक्रम/माग | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| ७ | मुक्तिनाथ महिला विकास समिति वडा नं ४ | बाधवादनको सामाग्रीहरु | स्वीकृत माग फारम अनुसार | सौंस्कृतिक बाजा खरिद |
| ८ | आदेश्वर समाज विकास समिति वडा नं ५ | प्लाष्टिक कुर्सी, टेबल, दराज र साउण्ड सिष्टम | स्वीकृत माग फारम अनुसार | विविध खर्च |
| ९ | तारकेश्वर बक्सिङ्ग क्लबका खेलाडी दिप्सन शाही | ट्र्याक सुट, जुत्ता र पोषण डाइट | स्वीकृत माग फारम अनुसार अधिकतम २० हजार हुने गरी | विविध खर्च |
| १० | वडा नं ७ को कार्यालय | खुला जिम सम्बन्धी सामाग्री | स्वीकृत लागत/माग फारम अनुसार | वडाको बजेट शीर्षकबाट खर्च |

निर्णय नं ६

यस नगरपालिकाको चालु आर्थिक वर्ष (आ.व २०८२-८३) मा संलग्न योजनाहरुको बहुवर्षीय योजना अन्तर्गत कार्यान्वयन गर्नु पर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम सम्बन्धित योजनाहरूको मास्टर प्रोक्योरमेन्ट प्लान (**Master Procurement Plan**) स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ७

नागार्जुन नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित वडाहरूमा तपसिलमा उल्लेखित योजनाहरू ५०/५० प्रतिशतमा लागत साझेदारीमा सञ्चालन गर्नको वडा कार्यालयको निवेदन पेश हुन आएको हुँदा नगरपालिकाको नीति अनुसार ५० प्रतिशत लागत सहभागितामा व्यहोर्ने गरी योजना सञ्चालन गर्न कार्य अगाडि बढाउने निर्णय गरियो ।

तपसिलः

| सि.नं. | योजनाको नाम | वडा नं. | ल.ई. | नगरपालिकाले व्यहोर्ने | उपभोक्ताले व्यहोर्ने |
|---|---|---|---|---|---|
| १ | वडा नं १० मा स्पीड ब्रेकर र बोर्ड | १० | ५,००,०००/- | २,५०,०००/- | २,५०,०००/- |

निर्णय नं ८

यस नगरपालिका अन्तर्गत विभिन्न मितिमा सम्झौता भई निर्माण कार्य संचालन भएका तपशिलमा उल्लेखित योजनाहरुमा काम गर्ने क्रममा केही आईटमहरुको परिमाण ल.ई तयार गर्दा भन्दा थप घट हुन गएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३(चौथो संशोधन समेत) दफा ५४ बमोजिम भेरिएशन स्वीकृत गरी भुक्तानि दिने निर्णय गरीयो।

| क.स | ठेक्काको विवरण | निर्माण व्यवसायीको विवरण | सम्झौता रकम (रू) | संशोधित सम्झौता रकम (रू) | भेरिएशन प्रतिशत र रकम (रू) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | Nagarjun/NCB/W/38/2081-82 Ward No.2 Devnagar Bhitri Sadak Staronnati | Noyeda Construction Pvt.Ltd., Gokarneshwor-15, Kathmandu | रू.२९,०३,६७७.५८ (भ्याट बाहेक) | रू.२७,०४,७४७.९५ | -६.८५% (१,९८,९२९.६३) | |
| २. | Nagarjun/NCB/W/42/2081-82 Nikunja Cheu Tinghare Mandir hudai Chautara pugne Padmarga Nirman | Great Construction Pvt. Ltd., Gothatar, Bhaktapur | रू. ४९,५५,१२८.३६ | रू. ४६,४१,३५५.८५ | -६.३३% (३,१३,७७२.५१) | |

निर्णय नं ९

नागार्जुन नगरपालिकाबाट ठेक्का आह्वानबाट संचालन भईरहेका आयोजनाहरुको विभिन्न कारण समयमा सम्पन्न नसकेका तपशिल बमोजिमका योजानाहरु तथा परामर्श कार्यहरुको म्याद थप गर्ने निर्णय गरीयो।

| क्र.स | योजनाहरुको विवरण | निर्माण व्यवसायी /परामर्शदाता को नाम | म्याद थपको विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | Nagarjun/NCB/W/52/2081-82 Badrinarayan Dham Hawan Kunda Nirman Ward No.7 | Himalaya Mangolian Builders and Suppliers Pvt Ltd, Roshi Ga. Pa-02, Kavre | २०८३ असोज मसान्त सम्म | |

निर्णय नं १०

यस नगरपालिकामा साहित्यिक लेखक मञ्च, नेपालद्वारा विविध मातृभाषाका स्थानीय साहित्यकार तथा ओझेल परेका नव प्रतिभाहरुलाई साहित्यिक मञ्च उपलब्ध गराउनको लागि सहयोग माग हुन आएकोले रकम ९९,०००/- (अक्षरुपी उनन्सय हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ११

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधि तथा मापदण्डहरु तर्जुमा गर्ने नि॰ गरियो। तपसिल

| सि.नं | कानूनको नाम | कैफियत |
|---|---|---|
| १ | नगरपालिका क्षेत्र भित्र निर्मित भौतिक संरचनाहरुको संरक्षण, उपयोग तथा मर्मत सम्भार सम्बन्धी कार्यविधि | तर्जुमा गर्ने |
| २ | करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी नियमावली, २०७५ लाई संशोधन | संशोधन गर्ने |
| ३ | नागार्जुन नगरपालिकाको कर्मचारी प्रशासन सम्बन्धी नियमावली, २०७५ लाई संशोधन | संशोधन गर्ने |

निर्णय नं १२

यस नगरपालिकामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई बागतमी प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चार ऐन, २०७९ को दफा ३० (१) बमोजिम मिति २०८२/१०/०१ गते देखि लागू हुने गरी देहायको पदमा तह॰ गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं | कर्मचारीको नामथर | हाल कार्यरत पदको विवरण/तह | कायम हुने पदको विवरण/तह |
|---|---|---|---|
| १ | श्री सीता घिमिरे | शाखा अधिकृत (सातौं) | वरिष्ठ शाखा अधिकृत (आठौं) |
| २ | श्री कोपिला सापकोटा | शाखा अधिकृत (सातौं) | वरिष्ठ शाखा अधिकृत (आठौं) |
| ३ | श्री कुशल तिवारी | इन्जिनियर (सातौं) | वरिष्ठ इन्जिनियर (आठौं) |
| ४ | श्री ध्रुव ज्ञवाली | इन्जिनियर (सातौं) | वरिष्ठ इन्जिनियर (आठौं) |

निर्णय नं १३

यस नगरपालिकामा उपचारका लागि आर्थिक अवस्था कमजोर भएको र सहयोग उपलब्ध गरिदिनुहुन भनि वि मितिमा प्राप्त निवेदन तथा वडाको सिफारिस बमोजिम तपसिलमा उल्लेखित व्यक्तिहरुलाई आर्थिक सहयोग उपल गराउने निर्णय गरियो ।तपसिल

| सि.नं | नामथर | रकम | कैफियत |
|---|---|---|---|
| १ | विनोद तामाङ | १०००० | वडा नं ३ |
| २ | सुशिला गिरी | ५००० | वडा नं ७ |
| ३ | कविता महत | ५००० | वडा नं ७ |
| ४ | एलेक्स खड्का | १०००० | वडा नं २ |
| ५ | निर बहादुर तामाङ | १०००० | वडा नं २ |

निर्णय नं १४

नागार्जुन नगरपालिकाको व्याक हो लोडर को ड्रेन सफा गर्ने बकेट प्रचलित कानून बमोजिम लागत अनुमान स्वीकृत गरी खरिद गर्ने निर्णय गरियो।

निर्णय नं १५

नागार्जुन नगरपालिकाको वडा नं ५ को जग्गा प्राप्तको सम्बन्धमा भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको सहमति प्राप्तको पत्र प्राप्त भएको हुँदा वडा कार्यालय भवन निर्माणको लागि थप प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं १६

यस नगरपालिकाको वडा नं. ९ को आफ्नै वडा कार्यालय भवन नभएकोले दैनिक सेवा प्रवाहमा असहज भएको हुँदा मालपोत कार्यालय, कलंकीमा नेपाल सरकारको नाममा पर्ति सरकारी जग्गाको रूपमा श्रेस्ता कायम भएको साविक स्यूचाटार गा.वि.स. वडा नं. ३ को कित्ता नं. ६ को क्षेत्रफल १-७-२-० (७४७.१७ वर्ग मिटर) जग्गा विपद् व्यवस्थापन गर्न यस वडाको लागि अन्यत्र पनि जग्गा व्यवस्थापन गर्न सकिने भनि स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०८२/१०/२५ गतेको निर्णय र सो वडा कार्यालय निर्माण हुँदा आर्थिक सामाजिक साँस्कृतिक, वातावरणीय, पर्यावरणीयमा समेत असर नपर्ने हुनाले श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंलाई जग्गा प्राप्तीको लागि सहमति प्रदान गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।